REGIONAL NEWS UNIT

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN

BROADCAST: 18:40hrs **Date: 03.11.2026**

केन्द्रीय मन्त्री राजीव रञ्जन सिंह र सिक्किमका मुख्यमन्त्रीबीच भेटवार्ता

पञ्चायती राज, मत्स्यपालन, पशुपालन तथा दुग्ध विकास मन्त्री राजीव रञ्जन सिंहले गान्तोकस्थित सरकारी निवासमा सिक्किमका मुख्यमन्त्री प्रेम सिंह तामाङसँग भेटघाट तथा कुराकानी गर्नुभयो। श्री तामाङले यस भेटवार्तालि बताउनुभए अनुसार, सिक्किमको विकाससँग सम्बन्धित विभिन्न मुद्दाहरू, मुख्य प्राथमिकताहरू र विशेष गरी मत्स्यपालन, पशुपालन, दुग्ध विकास र ग्रामीण विकासका क्षेत्र लगायत आपसी हितका विषयहरूमा सार्थक छलफल गर्ने अवसर प्रदानले गर्यो।

केन्द्रीय मन्त्री राजीवले आज रिज पार्क अर्किडारियमको भ्रमण गर्नुभयो

केन्द्रीय मन्त्री राजीव रञ्जन सिंहले आज बिहान रिज पार्क अर्किडारियमको भ्रमण गर्नुभयो। भ्रमणका क्रममा मन्त्रीलाई अर्किडारियमबारे जानकारी दिँदै त्यहाँका विशेषताहरू र अर्किडका विविध सङ्ग्रहहरूबारे अवगत गराइयो। साथै, अर्किडका विभिन्न उपयोगहरू र तिनलाई सुरक्षित रूपमा ओसारपसार गर्ने परम्परागत विधिहरूबारे पनि प्रकाश पारियो।

केन्द्रीय मन्त्रीद्वारा सिक्किम कोअपरेटिभ मिल्क प्रोड्युसर्स युनियन लिमिटेडमा माइक्रोबायोलोजी प्रयोगशालाको उद्घाटन

सिक्किम कोअपरेटिभ मिल्क प्रोड्युसर्स युनियन लिमिटेडको भ्रमण गरी त्यहाँ माइक्रोबायोलोजी प्रयोगशालाको उद्घाटन गर्नुभयो। मन्त्रीले विगत दस वर्षमा सिक्किम सरकारले गरेको उत्कृष्ट कार्यको प्रशंसा गर्नुभयो र यस अवधिमा सिक्किमले दूध उत्पादनमा 79 प्रतिशत वृद्धि हासिल गरेको उल्लेख गर्नुभयो। श्री सिंहले सिक्किममा चाँडै नै 'सिरी' गाईहरूका लागि एक उत्कृष्टता केन्द्र स्थापना गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

मन्त्री सिंहले राष्ट्रिय दुग्ध विकास बोर्डलाई दूध उत्पादन अधिकतम बनाउन आवश्यक पर्ने सम्पूर्ण सहयोग सिक्किम सरकारलाई उपलब्ध गराउन आग्रह गर्नुभयो । साथै, उहाँले सिक्किम सरकारलाई दूधजन्य उत्पादनहरू बढाउन थप 900 सहकारी संस्थाहरू गठन गर्न अनुरोध

गर्नुभयो, जसले सिक्किमको समग्र अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्न सक्नेछ ।उहाँले भन्नुभयो.....बाईट

राज्यपालले आज गान्तोकस्थित 'सर थुटोब नामग्याल मेमोरियल अस्पताल' को निरीक्षण गर्नुभयो

सिक्किमका राज्यपाल दुष्यन्त कुमार गौतमले आज गान्तोकस्थित नयाँ 'सर थुटोब नामग्याल मेमोरियल अस्पताल' को भ्रमण गर्नुभयो।उहाँले सिक्किम सरकारको स्वास्थ्य विभागका सचिव छेवाङ ग्याछो र अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. रुथ योन्जनसँग समीक्षा बैठक पनि गर्नुभयो।

श्री गौतमले अस्पतालको पूर्वाधार, जीवनरक्षक औषधिहरूको उपलब्धता, डॉक्टर तथा प्यारामेडिकल कर्मचारीहरूको कार्यसम्पादन र समग्र स्वास्थ्य सेवा प्रणालीबारे विस्तृत समीक्षा गर्नुभयो ।

राज्यपालः हेलेन लेप्चा सिक्किम सरकारी मेडिकल कलेज

पछि, राज्यपालले नवनिर्मित हेलेन लेप्चा सिक्किम सरकारी मेडिकल कलेजको भ्रमण गर्नुभयो। उहाँले पहिले स्वतन्त्रता सेनानी हेलेन लेप्चाको प्रतिमामा खदा भेट गरि श्रद्धाञ्जली अर्पण गर्नुभयो।

त्यसपछि श्री गौतमले चिकित्सा शिक्षा पूर्वाधार, प्रयोगशाला र शैक्षिक गतिविधिहरूको समीक्षा गर्नुभयो र मेडिकल कलेजका विद्यार्थीहरूको पहिलो अन्तरक्रिया गर्नुभयो।

राज्यपालले गान्तोकस्थित हस्तशिल्प तथा हस्तकला निर्देशनालयको भ्रमण गर्नुभयो

राज्यपाल दुष्यन्त कुमार गौतमले आज गान्तोकस्थित हस्तशिल्प तथा हस्तकला निर्देशनालयको भ्रमण गर्नुभयो। यस क्रममा उहाँले राज्यको समृद्ध परम्परागत कला र शिल्पलाई नजिकबाट अवलोकन गर्नुभयो। सिक्किम सरकारको उद्योग विभागका सचिव कर्मा डोमा युत्सो र निर्देशक टी.टी. भुटियाले प्रत्येक खण्डको कार्यहरूको बारेमा उहाँलाई जानकारी गराउनुभयो।श्री गौतमले निर्देशनालयको विभिन्न तालिम र उत्पादन खण्डहरू, विशेष गरी कार्पेट बुनाई खण्ड र बहुक्राफ्ट खण्डको भ्रमण गर्नुभयो ।

पेन्टोकमा जलकृषि बीमा र अन्य लाभहरू सम्बन्धी एक दिने जागरूकता कार्यक्रम आयोजना गरियो

राष्ट्रिय मत्स्य विकास बोर्ड (NFDB), पूर्वोत्तर क्षेत्रीय केन्द्र, गुवाहाटी, मत्स्यपालन मन्त्रालयले सिक्किम सरकारको मत्स्यपालन विभागसँगको सहकार्यमा आज जिल्ला प्रशासन केन्द्र, पेन्टोक, मंगनमा प्रधानमन्त्री मत्स्य किसान समृद्धि सह-योजना (PM-MKSSY) अन्तर्गत जलकृषि बीमा र अन्य लाभहरू सम्बन्धी एक दिने जागरूकता कार्यक्रम आयोजना गर्यो। NFDB स्रोत व्यक्ति र कार्यकारी सहायक शरद एसटीले एक प्राविधिक सत्र सञ्चालन गरे। उनले PMMSY, र यस अन्तर्गत उद्यमी मोडेल समूह दुर्घटना बीमा योजना, PM-MKSSY, राष्ट्रिय मत्स्यपालन डिजिटल प्लेटफर्म (NFDP) र जलकृषि बीमा लगायतका प्रमुख पहलहरूको बारेमा थप विस्तृत रूपमा बताए।